# नेपाल बप्तिस मण्डली परिषद्



वार्षिक खबर पत्रिका सन् २०१५



## विषयसूचि


| | |
|---|---|
| अध्यक्षको सन्देश | १ |
| महासचिवको सन्देश | २ |
| मिशन निर्देशकको सन्देश | ३ |
| नेपाल बप्तिस मण्डली परिषद् बारे | ४-५ |
| परिषद्को प्रशासनिक जानकारी | ५-६ |
| उपलब्धीहरु | ६-१४ |

# अध्यक्षको सन्देश



हामी सबैले भोगेर तितो अनुभव गरेकैं यथार्थ हो कि,गत बर्षको २५ अप्रिल २०१५ का दिन गएको प्रकृतिक विपति महाविनासकारी भूइचालोले देशमा हजारौको ज्यान लियो र हजारौंलाई घाइते बनायो, खरवौ सम्पत्तिको क्षतिगर्यो अनि लाखौ मानिसहरुलाई घरवार विहीन बनाई आक्रन्त बनायो भने, अर्कोतर्फ दश वर्ष देखिको देशको संक्रमणकाल तथा अस्थिर राजनीतिक अवस्था अनि महिनौ देखिको छिमेकी राष्ट्रको अघोषित नाकाबन्दीले देशमा दैनिक उपभोग्य बस्तुहरुमा मौलाएको कालोबजारी आकाशिएको महगी चुलिन गई राष्ट्रलाई अस्त-व्यस्त बनायो ।

मानव सोच र दृष्टिले हेर्दा त्यो परस्थिती अत्यन्तै कहाली लाग्दो र विनासकारी भएको भन्नमा कुनै दुईमत छैन् । तर जसलाई पूर्णरुपमा बुझ्न नसकेता पनि हामी प्रभुका छोरा-छोरीरुहरुका लागि चाँहि निश्चय नै त्यसको पछाडी परमेश्वरलाई प्रेम गर्नेहरुका लागि रहस्मय भलाइको योजना हो (रोमी ८:२८), र सर्वज्ञानी परमेश्वर को वचन पूरा भएको हुन सक्छ (मत्ती २५:७ ....) । यसको अर्थ त्यस्तो विपति फेरि फेरि भइ रहोस भन्ने चाँहि होइन ।

त्यसैले यसले नेपाल र नेपाल बप्तिस मण्डली परिषदलाई विश्वमा अझै धेरैसँग र राम्ररी चिनाउने, संम्बन्ध बिस्तार गने र सहकार्य गर्ने सुनौलो अवसर सृजना गरि त्यस्तो प्रतिकूल परिस्थितिमा पनि नेपाल बप्तिस मण्डली परिषदलाईमिलेर आफू अन्तगतका बप्तिस मण्डलीहरुर अन्य अबप्तिस मण्डलीहरुअनि प्राकृतिक विपत्तिले पिडीत बनाएका समूदायलाई झन प्रभावकारी र बृहतरुपमा सेवागर्न सफल भएको छ ।

जसको निम्ति सर्बशक्तिमान परमेश्वरलाई महिमा र सम्पूर्ण सहकार्य गर्नुहुने (स्थानीय मण्डली, राष्ट्रिय तथा अन्तराष्ट्रिय इशाई एवंम गैर-इशाई अनि सरकारी लगायत सहकर्मी र कर्मचारी) सरोकारवालाहरुलाई धेरैधेरै धन्यवाद !

आओ, प्रभुको खेतमा हामी सँगसँगै काम गरौं ! हाम्रो परिश्रम व्यार्थ हुनेछैन् (१ कोरिन्थी १५:५७)। पवित्रआत्मा परमेश्वरले हामीमा एक असल काम सुरुगर्नु भएको छ, र उहाँले नै ख्रीष्टको दिनमा त्यो पूरा गर्नु हुनेछ (फिलिप्पी १:६) ।

प्रभुले आशिष दिउन् ! !

रेभ. पा. रत्न बहादुर राई
अध्यक्ष

# महासचिवको सन्देश



नेपाल बप्तिस मण्डली परिषद् मार्फत हरेक बर्ष विभिन्न तरिकाले परमप्रभुले उहाँको कार्य गरिर हनु भएको छ। वि.स. २०७२ बैशाख १२ गते तदानुसार सन्२०१५ अप्रिल २५का दिन गएको विनाशकारी महाभूकम्पले र त्यसपछिको निरन्तर पराकम्पनले नेपाललाई ठूलै क्षति गरिरहेको थियो। यस विपत्तिलाई सम्बोधन गर्नको लागि परिषद्संग कुनै पनि स्रोत र सीपहरु थिएन। जसका निम्ति प्रार्थना गर्नँ बाहेक अरु विकल्पहरु थिएन। तर परमप्रभु परमेश्वरले परिषद्लाई परिचालन गर्नको लागि स्थानीय र विश्वव्यापीरुपमा विभिन्न स्रोत र साधनहरु तुरुन्त जुटाउनु भयो। जसलाई परिषद्को पहुच अनुसार प्रभावित समुदायहरु र मण्डलीहरुमा तुरुन्तै राहतका कार्यहरु परिचालन गर्न सकियो। हालसम्म पनि परिषद्ले केहि पुनर्स्थापनाको कार्यहरु गरिरहेको छ।

यसरी नै परिषद्ले आफ्नो योजना अनुसार अगुवापन निर्माण, स्थानीय मण्डलीहरुलाई दीगो विकास र मण्डली विस्तार गर्ने कार्यमा निरन्तरता दिइरहेको छ। जसले गर्दा परिषद्ले प्रत्येक वर्ष गतिलो छलाङ मार्दै आएको कुरा यस वार्षिक खबर पत्रिका २०१५ ले जानकारी दिद्छ।

हालको यो अवस्थामा आइपुग्नुमा परिषद्माथि परमप्रभुको निगाह निश्चय नैरहेको छ भन्नुमा अतियुक्ति नहोला। जसको लागि त्रि-एक परमेश्वरलाई स्तुतिहोस्। साथै स्थानीय बप्तिस मण्डलीहरु र अन्तराष्ट्रिय रुपमा प्रार्थना र सहकार्य गर्नुहुने सबै प्रभुका जनहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। आउने दिनहरुमा पनि परिषद् यहाँहरुको प्रार्थना र आर्थिक सहकार्यको निरन्तर अपेक्षा गर्दछ। धन्यवाद।

रेभ. जिरमान राई (जेम्स)
महासचिव

# मिशन निर्देशकको सन्देश



सन् २०१५ मा परमेश्वरको नजर हामी सबै नेपालीहरु र नेपाली मण्डलीहरुमाथि रह्यो । म परमेश्वरलाई परिषद्को मिशन तथा सुसमाचार विभागको तर्फबाट धन्यवाद चढाउन चाहन्छु । साथै सम्पूर्ण स्थानिय बप्तिस मण्डली र संगतिहरु, परिषद्को सम्पूर्ण विभागहरु र क्षेत्रहरु र मिशनको सेवकाईमा हातेमालो गर्ने राष्ट्रिय र अन्तराष्ट्रिय सबै साझेदारी संघ सस्था र विश्व बप्तिस मण्डली परिवारलाई पनि यहाँहरुको निरन्तर प्रार्थना, सल्लाह सुझाव र आर्थिक रुपमा गर्नु भएको सहयोगको निम्ति धेरै धेरै धन्यवाद दिन चाहन्छु । परमेश्वरले यहाँहरुको सेवकाईमा प्रशस्त गरेर आशिषदिनु भएको होस् ।

सन् २०१५ सम्ममा यस परिषद् अन्तरगत १७६ वटा मण्डलीहरु, २१८ वटा संगतिहरु भएका छन्, यी मण्डली र संगतिहरुमा बप्तिस्मा लिएका विश्वासीहरु लगभग १८ हजार रहेका छन् । हाल सम्म १७३ जना पाष्टर अभिषेक भएका छन् । २० जना मिनिष्टरहरुको अभिषेक भएको छ । यो वर्षमा ११ वटा नयाँ मण्डली घोषणा भएको छ । १७ वटा नयाँ मण्डली भवनको उद्घाटन भएका छन्। ६ वटा मण्डलीहरु परिषद्मा आवद्ध भएका छन् । यो वर्षमा ६६ जना अगुवाहरुले सि.टि.एच. ग्रेजुएसन गर्नु भएको छ।

आगामी वर्षहरुमा मिशन विभागबाट बप्तिस मण्डली नभएका ३० वटा जिल्लाहरुमा मण्डली स्थापना गर्ने योजना बनाएका छौ। यो योजनालाई पूरा गर्नको निम्ति हाम्रा स्थानिय बप्तिस मण्डलीको सक्रिय भूमिकाको आवश्यक्ता रहेको छ । मण्डलीले मण्डली जन्माउनु पर्छ । हुन त मण्डलीको आफनै कथा र व्यथाहरु छन् तर पनि मण्डलीले प्रभु येशूको महान आज्ञालाई (मत्ती २८:१८-२०) पूरा गर्न कम्मर कस्नु अतिआवश्यक रहन्छ । किनभने यो मिशन केवल खीष्टको जीवित मण्डलीहरुलाई दिइएको मिशन हो। जे होस, हामी सबै मण्डलीहरुले उहाँको आज्ञालाई पालनगर्नु अतिआवश्यक छ । किनभने खीष्ट बिना सबै मानिसहरु हराएका छन् र खीष्टमा मात्र हाम्रो अनन्तको आशा छ र यो आशाको केन्द्र केवल मण्डली मात्रहो । एक जना खीष्टियन विद्वान बीलहाइबेलस भन्नु हुन्छ :

“स्थानीय मण्डली नै विश्वको आशाहो । यसको भविश्यत्यहाँकाअगुवाहरुको हातमा छ, किनभने खीष्टको दुलहीअर्थात मण्डलीमाथि नै संसारको अनन्तभविश्य भर पर्छ । यो फल्दो फुल्दो हुन्छ वा ओइलाउँछ, सो हामी कसरी नेतृत्व गर्छौ त्यसैमा भर पर्दछ ।”

रेभ.पा.विजयथापा
मिशन निर्देशक

# नेपाल बप्तिस मण्डली परिषद् बारे..

नेपाल उत्तरमा चिन र पूर्व, दक्षिण तथा पश्चिममा भारतले घेरिएको एक भुपरिवेष्ठित मुलुक हो । नेपाल सामान्यतः आयात आकारको लम्बाई करिब ८८५ तथा चौडाई १४५ देखि २४१ कि.मी. फैलिएको, उत्तरतर्फ पूर्वदेखि पश्चिम सम्म हिमाली भेग रहेको छ, जुन चिनको तिब्बतसँग सिमाना जोडिएको छ । राष्ट्रको जनसंख्या करिब २ करोड ६० लाख रहेको छ भने जनसंख्या बृद्धि दर वार्षिक २.६ प्रतिशत रहेको छ ।

नेपाल बप्तिस मण्डली परिषद् (ने.ब.म.प.) नेपालमा रहेका बप्तिस मण्डलीहरुको साझा संस्था हो । यो संस्था सन् १९९२ अप्रिल ११ तारिकका दिन नेपालका विभिन्न स्थानमा रहेका आठ वटा बप्तिस मण्डलीहरुद्वारा शुरु भएको हो । स्थानिय बप्तिस मण्डलीहरु बिना हामी परिषद्को अस्तित्व बारे कल्पना पनि गर्न सक्दैनौं ने.ब.म.प.ले दीगो तथा स्वस्थ्य मण्डली निर्माण गरी मत्ती २८:१९-२० अनुसार महान् आज्ञा पुरा गर्न सहकार्य गर्ने ध्येयले मिशन, सुसमाचार, चेलापन, मण्डली स्थापना, अगुवापन  विकास, सामाजिक सेवा तथा स्थानिय बप्तिस मण्डली निर्माणको क्षेत्रमा सेवकाई गरिरेको छ । सन् २०१५ सम्ममा ने.ब.म.प.सँग हाल १७६ वटा बप्तिस मण्डली तथा २१८ संगतिहरु (मिशन केन्द्र) र १८ हजार बप्तिसमा लिएका सदस्यहरु रहेकाछन् ।

हालसम्म नेपाल बप्तिस मण्डली परिषद्मा निम्न क्षेत्रीय संघहरु र विभागहरु रहेका छन्।

## क्षेत्रीय संघहरु

क. पूर्वाञ्चल क्षेत्रीय बप्तिस मण्डली संघ
ख. मध्यमाञ्चल क्षेत्रीय बप्तिस मण्डली संघ
ग. पश्चिमाञ्चल क्षेत्रीय बप्तिस मण्डली संघ
घ. मध्य सुदूर पश्चिमाञ्चल क्षेत्रीय बप्तिस मण्डली संघ

## विभागहरु

क. मिशन तथा सुसमाचार विभाग
ख. नेपाल बप्तिस महिला संगति
ग. नेपाल बप्तिस युवा संगति
घ. नेपाल बप्तिस बाइबल कलेज

ङ. बहुउद्देश्यीय सामुदायिक विकास सेवा
च. नेपाल बप्तिस बाल संगति

# परिषद्को प्रशासनिक जानकारी

## परिषद्को कार्यसमिति

१. अध्यक्ष: रेभ. रत्न बहादुर राई, महिमा बप्तिस संगति, काठमाण्डौं
२. उपाध्यक्ष: रेभ. कृष्ण प्रसाद त्रिपाठी, पोखरा बप्तिस मण्डली, कास्की
३. महासचिव: रेभ. जिरमान राई, लिभिङ्ग बप्तिस मण्डली नखिपोट
४.कोषाध्यक्ष: पा. राजेन्द्र मल्ल, लिभिङ्ग बप्तिस मण्डली नखिपोट
५.सदस्यहरु:

श्रीमति मिना थापा, महिला अध्यक्ष
पा. जोन नारायाण राई, बाइबल कलेज सभापति
रेभ हरि गुरुङ्ग, ब.स.वि.से. अध्यक्ष
पा. प्रेम नारनयण भट्टराई, युवा अध्यक्ष
श्री देवानन्द कडेरिया, बाल संगति सभापति
पा. जागेन्द्र के.सी., पू.क्षे.ब.म.सं. अध्यक्ष
पा. मोहन चम्लागाई, म.क्षे.ब.म.सं. अध्यक्ष
पा. चित्र बहादुर गुरुङ्ग, प.क्षे.ब.म.सं. अध्यक्ष
पा. राम वहादुर थापा, मसुप.क्षे.ब.म.सं. अध्यक्ष

# दर्शन

खीष्टमा बाँचेका सबै जातिहरु परमेश्वरको महान आज्ञा पुरा गर्न सहभागी भइरहेका हुनेछन्

# ध्येय

तालिम प्रदान तथा साझेदारी गर्दै सुसमाचार, चेलापन र मण्डली स्थापना र नेतृत्व शिपको विकास गर्ने ।

# मूल्य मान्यता

प्रेम, क्षमा, धार्मिकता, इमान्दारिता, विश्वास, नम्रता, पारदर्शिता

# लक्ष्य

१. स्थानीय मण्डलीहरु परिचालन गरि नयाँ मण्डली स्थापना गर्ने ।
२. दक्ष अगुवाहरु निर्माण गर्ने ।
३. सर्वागिंण विकासका कार्यहरुद्वारा मानविय तथा सामाजिक सेवा गर्ने
४. संस्थागत विकासका लागि सबलीकरणको भूमिका निर्वाहा गर्ने ।
५. माथि उल्लेखित लक्ष्यहरुलाई प्राप्त गर्नको लागि साझेदारीहरुको विकास गर्ने।

# उपलब्धिहरु

## मिशन तथा सुसमाचार विभाग

## मण्डली तथा संगति विवरण

नेपाल बप्तिस मण्डली परिषद्मा सन् २०१५को अन्त्य सम्म आई पुग्दा १७६ मण्डलीहरु र लगभग २१८ भन्दा बदी संगतिहरु रहेको छ। समग्रमा भन्नु पर्दा बप्तिसमा लिएका १८ हजार बप्तिस सम्प्रदायको विश्वासीहरु रहेका छन्, बप्तिसमा नलिएका र बालबालिकासँग गर्दा सङ्ख्या लगभग २२००० रहेको छ। यसरी औंलामा गन्न सकिने बप्तिस मण्डली र ५००-७०० विश्वासीहरुबाट १९९२ अप्रिल ११मा सुरु भएको परिषद् हाल विगतलाई हेर्दा ठूलो छलाङ्ग मारिसकेको देखिन्छ।

यो सबै कार्य मिशन तथा सुसमाचारमा विश्वास गर्ने स्थानिय बप्तिस मण्डलीहरु, व्यक्तिहरु र सरोकारवाला संघ

संस्थाहरुका निरन्तर प्रार्थना र सहकार्यद्धारा सम्भव भएको हो।

## मण्डली घोषणा

यस अवधिमा तल उल्लेखित सगतिहरु मण्डली घोषणा गरियो:

१. सुम्दे वप्तिस मण्डली, खोटाङ
२. नमुना सुर्के बप्तिस मण्डली, भोजपुर
३. नयाँ जिवन वप्तिस मण्डली ताप्लेजुङ
४. स्वतन्त्र बप्तिस मण्डली, सुरुङगा, झापा
५. धुपिजंङ बप्तिस मण्डली, ताप्लेजुङ
६. अनुग्रह बप्तिस मण्डली
७. दोरङ्गी बप्तिस मण्डली, चितवन
८. जितपुर बप्तिस मण्डली
९. आशिष् बप्तिस मण्डली

## भवन समर्पण

यस अवधिमा तल उल्लेखित मण्डली भवनहरु समर्पण गरिएको छ

१. सुङ्गदेल बप्तिस मण्डली, खोटाङ्गका
२. विराटनगर बप्तिस मण्डली, मोरङ्ग
३. धाईजन बप्तिस मण्डली, झापा
४. गुराँस बप्तिस मण्डली, उदयपुर
५. मलुवा बप्तिस मण्डली, पाँचथर
६. बिर्तामोड बप्तिस मण्डली, झापा
७. सुम्दे बप्तिस मण्डली, खोटाङ
८. बेलबारी बप्तिस मण्डली, मोरङ
९. नमुना सुर्के बप्तिस मण्डली, भोजपुर



१०. पवित्र बप्तिस मण्डली, मोरङ
११. स्वतन्त्र बप्तिस मण्डली, झापा
१२ं सोनापुर बप्तिस मण्डली, मोरङ
१३. लेटाङ बप्तिस मण्डली, मोरङ
१४. फावाखोला बप्तिस मण्डली, ताप्लेजुङ
१५. दिक्तेल बप्तिस मण्डली, खोटाङ
१६. कालाबन्जर बप्तिस मण्डली, सुनसरी
१७. विराटनगर बप्तिस मण्डली, मोरङ्ग
१८. बेलबारी बप्तिस मण्डली, मोरङ्ग
१९. महिमा बप्तिस मण्डली, कपन
२०. धापाखेल बप्तिस मण्डली, ललितपुर
२१. गेत्समनी बप्तिस मण्डली, चितवन
२२. पडरिया बप्तिस मण्डली, चितवन
२३. नौ डाँडा बप्तिस मण्डली, कास्की

## पाष्टर अभिषेक

यस अवधिमा क्षेत्रिय संघको सिफारिसमा पाष्टर अभिषेक गरियो।

| | |
|---|---|
| १. सुकी दराई | टाडी बप्तिस मण्डली |
| २. नरभू (डेबिड) थापा | भोज्दा बप्तिस मण्डली |
| ३. कृष्ण पसाई | मिल्नटार बप्तिस संगति |
| ४. खड्ग बहादुर वि क | सिन्धुलि बप्तिस मण्डली |
| ५. सन्तोष थापा | बेथानी बप्तिस मण्डली |
| ६. प्रदिप कोइराला | बेसिशहर बप्तिस मण्डली |
| ७. गम बहादुर गुरुङ्ग | आशिष बप्तिस मण्डली |
| ८. मग्रु थारु | बेथेल बप्तिस मण्डली |
| ९. शेखर गुरुङ्ग | पोखरा बप्तिस मण्डली |

# नि:शुल्क स्वास्थ्य शिविर



यस वर्षमा नि:शुल्क स्वास्थ्य शिविरबाट महिला पुरुष र बालबालिका सहित लगभग ३ हजार जनाले आफ्नो स्वाथ्यको जाँच गराई स्वास्थ्य लाभ गरेका छन् ।सन् २०१५ को मार्च ३० देखि अप्रेलको ३ तारेखसम्म नेपाल बप्तिस मण्डली परिषद्को मिशन विभाग र बुटवलका बप्तिस मण्डलीहरुको आयोजना र सि.बि.सि. ताइवानको सहयोगमा सैनामैना न.पा.मुर्गिया र बुटवल न.पा. देवीनगर १३ मा नि:शुल्क स्वास्थ्य शिविरको आयोजना गरियो । १०८५ जना विरामीहरुको नि:शुल्क स्वास्थ्य जाँच र औषधी वितरण गरिएको थियो । जसमा मेडिकल विरामी ५९६ जना, दाँत सम्बन्धि उपचार ३८१ जना र शरीरको मसाज १०८ जना रहेका थिए ।

# महिला संगति

## अधिबेशन सम्पन्न

मिति २०७२ फाल्गुन १२ देखि १४ (2015 February, 24 to 26) नेपाल बप्तिस महिला संगतिको १० औ अधिबेशन बेथानी बप्तिस मण्डली बुटवलमा सम्पन्न भयो । जहाँ निम्न समितीहरुको चयन भयो ।

अध्यक्ष: मिना थापा
उपाध्यक्ष: चन्द्रकला राई ( पद निसक्रिय )
कोषध्यक्ष: माला थापा
सचिव शान्ती सुब्बा (राई)
सदस्य

- हेम कला राई
- युनिस राई
- सरिता तामाङ्ग
- सृष्टि गौरे
- लक्ष्मी गुरुङ्ग



मनु थापा
दिना पोखरेल
चित्र कुमारी पुन

नेपाल बप्तिस महिला संगतिको स्थापना काल देखि यहाँ सम्म आउँदा कमिटीमा रहि साथ दिइरहनु भएको व्याक्तित्वहरुलाई सम्मान कार्यक्रम गर्ने अवसर सम्पन्न भयो ।

## पू.क्षे.म.ब.सं.को पाचौ अधिवेशन

मिति २०७२ मंसिर २२ देखि २४ (2015 December, 8 to 10) लेटाङ्ग बप्तिस मण्डली–मोरङ्गमा पुर्व क्षेत्रिय बप्तिस महिला संगतिको ५ औं अधिबेशन सम्पन्न भयो । जम्मा ४५ वटा बप्तिस मण्डलीबाट २५९ जना दिदी बहिनीहरु सहभागिता रहेको थियो । यस अधिवेशनको प्रसंग १ पत्रुस २ : २१ : "किनकि यसैको निम्ति तिमीहरु बोलाइएका हौ ......"।
अधिवेशनले नयाँ समिति चयन गरेको छ जसको नामवली र पद निम्न अनुसार छन ।

अध्यक्ष हेमकला राई
उपाध्यक्ष सकुन्तला श्रेष्ठ
कोषाध्यक्ष जयरत्न भण्डारी
सचिव युनिस राई
सदस्य
कल्पना लिम्बु
फुलसरी राई
राधा राई
मनु राई
रोमा शाही



# युवा संगति

## राष्ट्रिय युवा भेला तथा अधिवेशन २०१५: पोखरा

ने.ब.यु.सं.को हरेक तीन वर्षमा राष्ट्रिय युवा भेला हुने गर्दछ जसले आगामी तीन वर्षको निम्ति कार्यकारी समितिको चयन गर्दछ। यो वर्ष नोभेम्बर १७-२० सम्म पोखरामा आयोजना गरियो।

यस भेलामा नेपाल देश भरिका ३५० जना युवाको उपस्थिति थियो। ने.ब.यु.सं.ले युवा मिनिष्ट्रिलाई सुसज्जित र प्रज्वलित बनाउन विभिन्न देशबाट वक्तालाई निम्तो दिदछ।

राष्ट्रिय युवा भेला तथा अधिवेशनले तल उल्लेखित नेतृत्व वर्गलाई आगामी ३ वर्षको निम्ति चयन गरेको छ:

अध्यक्ष पा. प्रेम नारायण भट्टराई
उपाध्यक्ष पा. शामूएल राना
सचिव श्री कमल शिवाकोटि
कोषाध्यक्ष श्री इसाक जबेगु
सदस्य
- श्री शिर कुमार राई
- श्री शंकर रसिक
- श्री हिरा कनौजे



अधिवेशनको मुख्य विषय "अहिले नभए कहिले"मा उपस्थित वर्गलाई महान्
आज्ञालाई पूरा गराउनको निम्ति मिशनमा समलित हुनुपर्दछ भनेर प्रोत्साहन दिन सक्यौं। उक्त अधिवेशनमा तल उल्लेखित विषयमा कार्यशाला गरिएको थियो।

- मिशनमा युवा
- युवाको निम्ति बाइबल अध्ययनको तयारी
- युवा मिनिष्टि
- बाल मिनिष्टिको महत्व
- युवा संस्कृतिको बुझाई
- युवा चेलापन
- नेपालको सन्दर्भमा युवा मिनिष्टि
- फोहोर समस्या र समाधानमा विश्वासीको भूमिका
- सामाजिक सञ्जाल र ख्रीष्टियन युवा
- युवा परामर्श

# बाइबल क्लेज

## सि.टि.एच कार्यक्रम र दीक्षान्त समारोह

२२-२७ फेब्रुवरी २०१५, मोरङ्ग

यसपटकको तलिम पछि २३ जना विधार्थीहरुको दिक्षान्त हुन सफल हुनुभएको थियो । कार्यक्रममा नेबमपका संस्थापक अध्यक्ष रेभ. दानियल सुब्बा प्रमुख अतिथि रहनुभएको थियो भने काउन्सिलका अध्यक्ष रेभ. रत्न ब. राई, क्लेजका सभापति पा. नारायण प्रसाद राई, प्रिन्सिपल सुबास प्रधान लगायतको उपथिति रहेको थियो।



पोखरा २२-२७ मार्च २०१५

ने.ब.बा.क.का अध्ययक्ष, पा. जोन नारायण प्रसाद राईले तालिममा मण्डली र व्यवस्थापन सम्बन्धी तालिम दिनुभएको थियो । यो तालीम पोखरा बप्तिस मण्डली, पोखरामा सम्पन्न भएको थियो र उक्त तालीमको अन्तिम दिन २७ मार्चमा २१ जनाको दिक्षान्त पनि भएको थियो ।

## बि.टी.एच र सि.टि.एच दिक्षान्त

७ जुन २०१५

यस दिक्षान्त समारोहमा बि.टि.एच तर्फबाट ५ जना र सि.टी.एच तर्फबाट १२ जना गरी जम्मा १७ जनाको दिक्षान्तित भएका थिए। दिक्षान्त समारोहमा श्री जेम्स चिङ्गजाले संचालन, पा. राजेन्द्र मल्लले सुरुको प्रार्थना, डा. दिपक राज राईले स्वागत, श्री सुवास प्रधानले कलेजको बारेमा प्रस्तुती, रेभ. हरी गुरुङ्गले समर्पणको प्रार्थना, गर्नुभएको थियो भने वचनको सेवकाई डा. जोन नारयण राईले गर्नुभएको थियो । र रेभ. रत्न राईले अन्तीम प्राथनामा अगुवाई गर्नुभएको थियो



## आत्मिक सप्ताहा

१४-१८ सेप्टेम्वर २०१५

आत्मिक सप्ताहको सुरुवात १४ सेप्टेम्वरको दिनमा परमेश्वरलाई आराधना गर्दै, एकान्त समय बिताएर सुरुवात गरियो । आत्मिक रुपमा बिधार्थीहरुलाई उत्साह दिनको निम्ति भनी यो हप्ताको प्रत्येक साझँको ४-६ मा कलेजको पुर्णकालिन शिक्षकहरुले विभिन्न आत्मिकी जीवन सम्बन्धि बिषयहरुमा शिक्षा दिई कार्यशालाहरुमा अगुवाई गर्नुभएको थियो । साथै सोही हप्ताको प्रत्येक अपरान्हमा पाहुना वक्ताहरुलाई वचनको सेवकाईको निम्ति बोलाईएको थियो।

## बहुउद्देश्यीय सामुदायिक विकास सेवा

बहुउद्देश्यीय सामुदायिक विकास सेवा (ब.सा.वि.से.), नेपाल बप्तिस मण्डली परिषदको सामाजिक सेवा विभाग हो । यो संस्था काठमान्डौ जिल्ला प्रशासनमा दर्ता र समाज कल्याण परिषदमा आवद्ध भई नेपालको ललितपुर, मोरङ्ग, नवलपरासी, दोलखा, काभ्रे र लमजुङ्गमा स्वास्थ्य, शिक्षा, जीविकोपार्जन, वातावरण संरक्षण, क्षमता विकास र राहत तथा पुनस्थापना कार्यक्रम संचालन गर्दै आईरहेको छ । हाल यस संस्थाको ९ वटा परियोजनाहरु छन् र ३१ जना कर्मचारीहरु रहेका छन् ।



यस संस्थाले यसै आर्थिक बर्षको बैशाख सम्ममा २१४६ जनालाई स्वास्थ्य तालिम तथा स्वस्थ्य सिविर सेवा, २९३ जनालाई कृषि, पशुपालन तालिम तथा गोठ सुधार तालिम र सहयोग, ९७७ लाई सिंचाई सुविधा, १९२३ लाई स्वच्छ खानेपानी, १०७० विध्यार्थीह(रुलाई विद्यालय पोशाक तथा शिक्षण सामग्री, २३ वटा पूर्व बाल विकास कक्षा निर्माण र शिक्षण सामग्री, ६६१ चर्पी निर्माण,१७२ जनालाई दुग्धजन्य परिकार उत्पादन तालिम, ३८ जनालाई अलैची खेती तालिम, १० जनालाई सिलाई कटाई तालिम, २ वटा गोरेटो बाटो निर्माण र ४७,६८९ (८६७० परिवार) मानिसलाई खाधान्न, आवास, औषधी, सरसफाई तथा भान्छाका सामाग्री जस्ता राहत उपलब्ध गराएको छ । यसैगरी हाल यस संस्थाले ५३ वटा स्वनिर्भर समुहहरु परिचालन गरि ग्रामिण पूँजि संकलनमा सहयोग गर्दै ब.सा.वि.से.को सहजीकरणमा निर्मित विभिन्न सहकारी संस्थाहरुमा भ्रमण तथा सरसल्लाह दिने काम गर्दै आएको छ । साथै क्षमता अभिबृद्दिको लागि विपद जोखिम व्यवस्थापन, स्फेयर

तालिम, विपदको समयमा परियोजना व्यवस्थापन, आधात चंगाई तथा परामर्श तालिम, मिस्त्री तालिम आदि समुदायको लागि संचालन गर्दै आएको छ ।

यसको अतिरिक्त ब.सा.वि.से.ले मण्डलीमा आधारित दिगो आर्थिक विकास परियोजना संचालन अन्तर्गत इशाई र गैर इशाई सहभागी हुने गरि माथिका तालिमहरु विभिन्न मण्डलीहरुमा संचालन गर्दै आएको छ । हालसम्म यस मण्डलीमा आधारित  परियोजनाले २५८ जना लाई विभिन्न तालिमहरु प्रदान गर्न सफल भएको छ । स्थानीय मण्डलीहरुले तालिम हल, खाजा खर्च,  सहभागी छनौट तथा दर्ता शुल्कहरुमा सहायता प्रदान गरि कम लागतमा कार्यक्रमहरु संचालन गर्न हामीलाई हौशला प्रदान गर्नुभएकोमा धेरै धन्यबादी छौ । मण्डली समाज विकास कार्यको एक साझेदार हो भनि मण्डलीको उत्साहजनक सहभागिता निकै सबल पाइएको हुँदा आउँदा दिनहरुमा ब.सा.वि.से. ले कार्यक्रमहरु धेरै मण्डलीहरुमा पुराउन प्रयाशरत रहनेछ।

ब.सा.वि.से. नेपाल बप्तिस मण्डली परिषद, यसका सम्पूर्ण विभागहरु, नेपाल सरकार, स्थानीय मण्डली, स्थानीय जनसमुदाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय साझेदारहरुलाई सहभागिता, प्रार्थना, सुझावहरु तथा आर्थिक सहायता प्रदान गर्नुभएकोमा धन्यबाद व्यक्त गर्दछ ।

